# युवा सूचना केन्द्र सञ्चालन निर्देशिका, २०७३

नेपाल सरकार
युवा तथा खेलकुद मन्त्रालय
**राष्ट्रिय युवा परिषद्**
त्रिपुरेश्वर, काठमाडौं

# Contents


**युवा सूचना केन्द्र सञ्चालन निर्देशिका, २०७३**

**परिच्छेद- १** ..... 3

प्रारम्भिक ..... 3

१. संक्षिप्त नाम र प्रारम्भ ..... 3

२. परिभाषा ..... 3

**परिच्छेद- २** ..... 4

युवा सूचना केन्द्र तथा नमूना युवा सूचना केन्द्रसम्बन्धी व्यवस्था ..... 4

३. युवा सूचना केन्द्रको व्यवस्था ..... 4

४. नमूना युवा सूचना केन्द्रको व्यवस्था ..... 4

**परिच्छेद- ३** ..... 4

निर्देशक समितिको गठन तथा काम, कर्तव्य र अधिकार ..... 4

५. निर्देशक समिति ..... 4

६. निर्देशक समितिको काम, कर्तव्य र अधिकार ..... 5

७. व्यवस्थापन समिति ..... 5

८. व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार ..... 6

**परिच्छेद- ५** ..... 6

युवा तथा खेलकुद मन्त्रालय, राष्ट्रिय युवा परिषद् एवम् अन्य निकायहरुको काम, कर्तव्य र अधिकार ..... 6

९. युवा तथा खेलकुद मन्त्रालयको काम, कर्तव्य र अधिकार ..... 6

१०. राष्ट्रिय युवा परिषद्को काम, कर्तव्य र अधिकार ..... 7

११. जिल्ला युवा समिति तथा स्थानीय युवा समितिको कार्यालयको काम, कर्तव्य र अधिकार ..... 7

१२. संघ, संस्था एवम् अन्य निकायहरुको काम कर्तव्य ..... 9

१३. जनशक्ति ..... 9

**परिच्छेद- ६** ..... 9

आर्थिक व्यवस्थापन सम्बन्धी व्यवस्था ..... 9

१४. आर्थिक व्यवस्थापन ..... 9

१५. लेखापरीक्षण ..... 10

**परिच्छेद- ७** ..... 10

निरीक्षण, अनुगमन तथा मूल्याङ्कन सम्बन्धी व्यवस्था ..... 10

१६. निरीक्षण, अनुगमन तथा मूल्याङ्कनसम्बन्धी व्यवस्था ..... 10

**परिच्छेद- ८** ..... 10

विविध ..... 10

१७. प्रतिवेदन पेश गर्नुपर्ने ..... 10

१८. मनोनित सदस्यको पदावधि ..... 11

१९. बाधा अडकाउ फुकाउने अधिकार ..... 11

२०. निर्देशिका संशोधन ..... 11

२१. खारेजी र बचाउ ..... **Error! Bookmark not defined.**

# युवा सूचना केन्द्र सञ्चालन निर्देशिका, २०७३

**प्रस्तावना** : देशभरीका युवाहरुको ज्ञान, सीप र क्षमता विकास तथा हक, हितको संरक्षण गरी राष्ट्रिय विकासको मूल प्रवाहमा सम्लग्न गर्नका लागि राष्ट्रिय एवम् अन्तर्राष्ट्रियस्तरमा उपलब्ध उपयोगी सूचनाहरु युवा सूचना केन्द्र मार्फत प्रभावकारी रुपमा संकलन, व्यवस्थापन तथा प्रवाह गर्ने एवम् यसको अधिकतम उपयोग गर्न युवाहरुलाई अभिप्रेरित गरी उनीहरुको सर्वाङ्गीण विकासमा सघाउ पुऱ्याउने उद्देश्यले राष्ट्रिय युवा परिषद् नियमावली, २०७३ को नियम ४ को खण्ड (घ) को प्रयोजनका लागि राष्ट्रिय युवा परिषद्ले यो निर्देशिका जारी गरेको छ ।

## परिच्छेद- १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यो निर्देशिकाको नाम "युवा सूचना केन्द्र सञ्चालन निर्देशिका, २०७३" रहेको छ ।

(२) यो निर्देशिका स्वीकृत भएको मितिबाट लागू हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा –

क."मन्त्रालय" भन्नाले युवा तथा खेलकुद मन्त्रालय सम्झनु पर्छ ।

ख."परिषद्" भन्नाले राष्ट्रिय युवा परिषद् र भविष्यमा गठन हुन सक्ने प्रदेश युवा परिषदसमेतलाई जनाउँछ ।

ग."स्थानीय तह" भन्नाले नेपालको संविधान बमोजिम गठित स्थानीय तह सम्झनु पर्छ ।

घ."संस्था" भन्नाले प्रचलित कानून बमोजिम स्थापना भएका सरकारी वा गैर सरकारी, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्था सम्झनु पर्छ ।

ङ."युवा सूचना केन्द्र" भन्नाले युवा सूचना कार्यक्रम सञ्चालनका राष्ट्रिय युवा परिषद्द्वारा केन्द्रमा सञ्चालन गरिएको केन्द्रीय युवा सूचना केन्द्र तथा जिल्ला युवा समितिको कार्यालयको शाखाअन्तर्गत स्थापना गरिएको युवा सूचना केन्द्रलाई जनाउँछ । यसले नमूना युवा सूचना केन्द्रलाई समेत जनाउँछ । साथै, भविष्यमा गठन हुने प्रदेश युवा परिषद् तथा स्थानीय तहमा स्थापना हुने युवा समितिका कार्यालयमा सञ्चालन हुने युवा सूचना केन्द्रसमेतलाई बुझिन्छ ।

च. "प्रदेश" भन्नाले नेपालको संविधानबमोजिम गठन भएको प्रदेशलाई जनाउँछ ।

## परिच्छेद- २

## युवा सूचना केन्द्र तथा नमूना युवा सूचना केन्द्रसम्बन्धी व्यवस्था

३. **युवा सूचना केन्द्रको व्यवस्था : (१)** राष्ट्रिय युवा परिषद्ले प्रत्येक प्रदेश, जिल्ला तथा स्थानीय तहमा युवा सम्बन्धी काम गर्ने कार्यालय अन्तर्गत युवा सूचना केन्द्र स्थापना गर्न सक्नेछ ।

(२) **युवा सूचना केन्द्रमा रहने पूर्वाधार :** जिल्ला तथा स्थानीय तहमा स्थापित युवा सूचना केन्द्रमा निम्नानुसारको पूर्वाधारहरुको व्यवस्था गरिने छ ।

क. कार्यकक्ष
ख. पुस्तकालय / अध्ययन कक्ष
ग. कम्तिमा दुईवटा राष्ट्रिय स्तरको दैनिक पत्रिका नियमित रुपमा उपलब्ध
ङ. कम्प्युटर, टेलिफोन, फोटोकपी, फ्याक्स
च. इन्टरनेट

४. **नमूना युवा सूचना केन्द्रको व्यवस्था :** (१) परिषद्ले जिल्ला तथा स्थानीय तहमा सञ्चालन गरेका युवा सूचना केन्द्रहरुमध्ये दफा ३ मा उल्लिखित पूर्वाधारको अतिरिक्त देहायका थप पूर्वाधार रहेको देखिएमा त्यस्ता युवा सूचना केन्द्रलाई नमूना युवा सूचना केन्द्र तोक्न सक्नेछ ।

क. इन्टरनेट सेवा
ख. २ भन्दा बढी राष्ट्रिय स्तरका दैनिक पत्रपत्रिकाहरुनियमित रुपमा उपलब्ध हुने
ग. युवाहरुको लागि शारीरिक तन्दुरुस्ती र संगीतका साधन एवम् खेल सामग्री
घ. सूचना अपलोड र डाउनलोड गर्न सक्ने सफ्टवेयर
ङ. युवा सूचना केन्द्रको प्रयोग गर्ने युवाहरुको विवरण अभिलेख
च. सेवा क्षेत्रका युवाहरुको प्रोफाइल ।

(२) नमूना युवा सूचना केन्द्रको लागि आवश्यकतानुसार स्वयंसेवक एवम् अन्य जनशक्तिको व्यवस्था गर्न सकिने छ ।

## परिच्छेद- ३

## निर्देशक समितिको गठन तथा काम, कर्तव्य र अधिकार

५. **निर्देशक समिति :** (१) युवा सूचना केन्द्रको सञ्चालन नीति, योजना, अनुगमन, समन्वय तथा निर्देशन समेतका लागि केन्द्रमा देहायका सदस्यहरु रहेको एक युवा सूचना केन्द्र निर्देशक समिति रहनेछ :–

| | |
|---|---|
| क. कार्यकारी उपाध्यक्ष, राष्ट्रिय युवा परिषद् | अध्यक्ष |
| ख. महाशाखा प्रमुख, युवा तथा प्रशासन महाशाखा, युवा तथा खेलकुद मन्त्रालय | सदस्य |

ग. प्रशासकीय प्रमुख, राष्ट्रिय युवा परिषद् — सदस्य

घ. युवासँग सम्बन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ, संस्थामध्येबाट समितिले तोकेका एक जना प्रतिनिधि — सदस्य

ङ.उपसचिव, सूचना प्रविधि शाखा — सदस्य-सचिव

(२) युवा सूचना केन्द्र निर्देशक समितिको सचिवालय राष्ट्रिय युवा परिषद्मा रहनेछ ।

(३) निर्देशक समितिले आवश्यकता अनुसार विशेषज्ञ तथा कुनै प्रतिनिधिलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(४) निर्देशक समितिको बैठक सम्बन्धी अन्य कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

६. **निर्देशक समितिको काम, कर्तव्य र अधिकार : (१)** युवा सूचना केन्द्र निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

क. युवा सूचना केन्द्रको सञ्चालन तथा व्यवस्थापनका लागि आवश्यक नीति तथा योजना कार्यकारी समिति समक्ष पेश गर्ने,

ख. युवा सूचना केन्द्रलाई आवश्यक पर्ने सूचना प्राप्ति र आदान प्रदान गर्न सरकारी निकाय एवम् अन्य संघ/संस्थाहरुसँग समन्वय गर्ने, गराउने,

ग. युवा सूचना केन्द्रबाट प्रवाह गर्ने सूचनाको प्रकृति र विधि निर्धारण गर्ने,

घ. युवा सूचना केन्द्रमा कार्य गर्ने जनशक्ति तथा स्वयमसेवकको नियुक्ति र परिचालनका लागि सुझाव दिने,

ङ. युवा सूचना केन्द्र कार्यक्रमको सवलीकरण गर्न वैदेशिक तथा स्थानीय स्रोतसाधन एवम् प्राविधिक सहयोगको प्राप्ति तथा परिचालनका लागि सुझाव दिने,

च. युवा सूचना केन्द्र कार्यक्रमको बजेट तथा कार्यक्रम तयार गर्ने, गराउने,

छ. युवा सूचना केन्द्रहरुमा आईपरेका समस्याहरु समाधानका लागि आवश्यक सुझाव दिने,

ज. युवा सूचना केन्द्रहरुको सञ्चालन तथा व्यवस्थापनको अनुगमन गर्ने र निर्देशन दिने ।

झ. परिषद्बाट तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने,

(२) प्रदेश तहमा संघ तथा केन्द्रमा जस्तै युवा सूचना केन्द्रको नीति, योजना, कार्यक्रम, मूल्यांकन, निर्देशन, पृष्ठपोषण, प्रतिवेदन गर्न एक निर्देशक समिति गठन गर्न सकिने छ ।

## परिच्छेद- ४
## व्यवस्थापन समिति

७. **व्यवस्थापन समिति :** (१) युवा सूचना केन्द्रको व्यवस्थापन गर्न जिल्ला तथा स्थानीय तहस्तरमा देहाय बमोजिमका सदस्यहरु रहने गरी एक व्यवस्थापन समिति रहनेछ :

क. जिल्ला युवा समिति तथा स्थानीय तह युवा समितिको अध्यक्ष — अध्यक्ष

ख. जिल्ला समन्वय समिति तथा गाउँपालिका र नगरपालिकाको कार्यालयको प्रतिनिधि — सदस्य

ग. युवासँग सम्बन्धित गैर-सरकारी संघ, संस्थाहरुमध्येबाट

कम्तिमा एक जना महिला समेत पर्ने गरी समितिले
तोकेका २ जना युवा प्रतिनिधि सदस्य

घ. जिल्ला युवा समिति तथा स्थानीय तहको युवा समितिको कार्यालय प्रमुख सदस्य-सचिव

(२) उपदफा (१) को खण्ड ग. बमोजिम युवा प्रतिनिधि छनौट गर्दा युवा सूचना केन्द्र कार्यक्रम सञ्चालनका लागि राष्ट्रिय युवा परिषद्सँग सहकार्य गर्ने संस्थाहरुबाट प्रतिनिधित्व गराउनु पर्नेछ ।

(३) युवा सूचना केन्द्र व्यवस्थापन समितिको बैठकमा आवश्यकता अनुसार विशेषज्ञ तथा अन्य प्रतिनिधिलाई आमन्त्रण गर्न सकिनेछ ।

(४) युवा सूचना केन्द्र व्यवस्थापन समितिको सचिवालय सम्बन्धित जिल्ला युवा समितिको कार्यालय तथा स्थानीय युवा समितिको कार्यालयमा सम्बन्धित शाखागत रुपमा रहनेछ ।

(५) युवा सूचना केन्द्र व्यवस्थापन समितिको बैठक सम्बन्धी अन्य कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

८. **व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार : (१)** युवा सूचना केन्द्र व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

क. युवा सूचना केन्द्रको सञ्चालनका लागि आवश्यक व्यवस्था मिलाउने,

ख. विभिन्न मन्त्रालय एवम् निकायबाट प्राप्त युवासँग सम्बन्धित सूचनाको संकलन, व्यवस्थापन तथा स्थानीय स्तरमा उपलब्ध हुने युवासँग सम्बन्धित सूचनाहरु संकलन तथा प्रवाह गर्ने व्यवस्था मिलाउने,

ग. स्थानीय स्तरका सरकारी निकायहरु एवम् गैर-सरकारी संस्थाहरुको सहयोगमा युवा सूचना केन्द्रको सबलीकरण गर्ने,

घ. युवा सूचना केन्द्र कार्यक्रमलाई प्रभावकारी बनाउन नियमित अनुगमन गरी परिषद्, जिल्ला युवा समिति तथा स्थानीय स्तरका सम्बन्धित निकायहरुलाई आवश्यक राय, सुझाव दिने,

ङ. युवा सूचना केन्द्रलाई आवश्यक पर्ने सूचना, स्रोत साधन र स्वयंसेवकलगायतका जनशक्ति जुटाउन पहल गर्ने,

च. आफ्नो क्षेत्रभित्र आवश्यकता अनुसार युवा सूचना केन्द्र विस्तार गर्ने र सञ्चालनको व्यवस्था मिलाउने,

छ. स्थानीय युवा समिति वा जिल्ला युवा समिति, परिषद् र मन्त्रालयबाट तोकिएबमोजिमका अन्य कार्यहरु गर्ने ।

## परिच्छेद- ५

## युवा तथा खेलकुद मन्त्रालय, राष्ट्रिय युवा परिषद् एवम् अन्य निकायहरुको भूमिका

९. **युवा तथा खेलकुद मन्त्रालयको भूमिकाः (१)** युवा सूचना केन्द्र कार्यक्रम व्यवस्थापन तथा सञ्चालन सम्बन्धमा युवा तथा खेलकुद मन्त्रालयको भूमिका देहायबमोजिम हुनेछ :

क. युवा सूचना केन्द्र कार्यक्रम सञ्चालनका लागि आवश्यक नीति, नियम तर्जुमा गर्ने;

कार्यक्रम तथा बजेट स्वीकृत गर्ने,

ख. युवा सूचना केन्द्रको सञ्चालनका लागि सहयोग गर्ने संघ/संस्था एवम् निकायहरुबिच समन्वय गरी आवश्यक स्रोत र जनशक्ति जुटाउने,

ग. युवा सूचना केन्द्र कार्यक्रम सञ्चालनका लागि अन्य मन्त्रालय तथा निकायहरुसँग समन्वय गर्ने ।

१०. **राष्ट्रिय युवा परिषद्को तथा प्रदेश युवा परिषद्को भूमिका : (१)** केन्द्रीय तथा प्रदेश युवा सूचना केन्द्र तथा युवा सूचना केन्द्र व्यवस्थापन तथा सञ्चालन सम्बन्धमा राष्ट्रिय तथा युवा परिषद्को भूमिका देहायबमोजिम हुनेछ :

क. युवाहरुको वस्तुगत विवरण (Youth Profile)) तयार गर्ने,

ख. युवा सूचना केन्द्रका कार्यक्रम सञ्चालनका लागि आवश्यक समन्वय एवम् सहयोग गर्ने,

ग. मन्त्रालयले परिषद् मार्फत पठाइएको रकम समयमै सम्बन्धित जिल्लाका युवा समितिको कार्यालयहरुमा पठाउने,

घ. युवा सूचना केन्द्रमा युवाहरुका लागि आवश्यक पर्ने सामग्रीहरु उपलब्ध गराउने,

ङ. केन्द्रीय युवा सूचना केन्द्र, युवा सूचना केन्द्र तथा कार्यक्रमहरुको सु-सञ्चालनका लागि मन्त्रालयलाई राय सुझाव उपलब्ध गराउने,

च. राष्ट्रिय युवा परिषद् हातामा एक केन्द्रीय युवा सूचना केन्द्र सञ्चालन गर्ने,

छ. युवा सूचना केन्द्र कार्यक्रम कार्यान्वयनका लागि देशभित्र कार्यरत सरकारी निकाय एवम् राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर-सरकारी संस्थाहरुसँग समन्वय एवम् सहकार्य गर्ने,

ज. नमुना युवा सूचना केन्द्र तोक्ने,

झ. युवा सूचना केन्द्रमा कार्यरत जनशक्तिको क्षमता विकास सम्बन्धी कार्य गर्ने,

ञ. युवा सूचना केन्द्रहरुको निरीक्षण, अनुगमन, अध्ययन, अनुसन्धान, निर्देशन गर्ने ।

११. **जिल्ला युवा समितिको कार्यालय तथा स्थानीय युवा समितिको कार्यालयको भूमिका :** (१) जिल्ला युवा समितिको कार्यालय तथा स्थानीय युवा समितिको कार्यालयहरुले युवा सूचना केन्द्र मार्फत देहायबमोजिम कार्यहरु गर्ने छन्:

**क. सूचना, तथ्याङ्क एवम् जानकारीहरु सङ्कलन र अद्यावधिक गर्ने कार्य**

१. आफ्नो क्षेत्रभित्रका युवाहरुको रोजगारी, सीप, शैक्षिक स्तर, स्वास्थ्य, आर्थिक अवस्था लगायतका युवासँग सम्बन्धित विविध पक्षहरु समावेश भएका सूचना तथा तथ्याङ्क सङ्कलन गरी युवा प्रोफाइल तयार गर्ने,

२. युवालाई उपयोगी हुने किसिमका पुस्तक, पत्रपत्रिका, बुलेटिन, जर्नल, प्रोफाइल आदि प्रकाशन, खरीद एवम् सङ्कलन गर्ने,

३. इमेल/इन्टरनेट /वेवसाइट आदिको माध्यमबाट युवाहरुका लागि उपयोगी सूचनाहरु सङ्कलन गर्ने,

४. जिल्ला, गाउँपालिका, नगरपालिकास्थित सरकारी तथा अन्य सघंसंस्थाहरुबाट सञ्चालन हुने युवा लक्षित कार्यक्रमहरुको विवरण संकलन गर्ने,
५. युवाहरुको आवश्यकताको पहिचान गर्ने ।

**ख. सूचना तथा तथ्याङ्कमा युवाको पहुँच बृद्धि एवम् प्रचार-प्रसार सम्बन्धी कार्य**

१. सङ्कलित सूचना, तथ्याङ्क एवम् जानकारीहरु उपलब्ध भएसम्म निर्धारित प्रक्रिया बमोजिम सहज रुपमा उपलब्ध गराउने,
२. युवाहरुले टेलिफोन, इमेल लगायतका सञ्चारका माध्ययमबाट माग गरेका जानकारी, एवम् तथ्याङ्कहरु उपलब्ध भएसम्म निर्धारित प्रक्रिया बमोजिम उपलब्ध गराउने ।
३. सूचना पार्टीको व्यवस्था गर्ने,
४. वेव-साइट वा राष्ट्रिय युवा परिषद्बाट निर्माण गरिएको युवा सूचना प्रणाली (Youth Information System) को उपयोग गर्ने,
५. आफ्नो कार्यक्षेत्रस्थित वा नजिकका सञ्चार माध्यमहरु (रेडियो, एफ.एम., पत्रपत्रिका, स्थानीय टी.भी. आदि) सँग समन्वय गरी युवासम्बन्धी सूचना एवम् जानकारीहरु प्रवाह तथा प्रचार-प्रसार गर्ने व्यवस्था मिलाउने,
६. नागरिकता, राहदानी, नाता प्रमाणित, व्यक्तिगत घटना दर्ता, जग्गा नामसारी, सवारी चालक अनुमतिपत्र लिने, बैंक खाता खोल्ने, कम्प्युटर तालिम लगायतका सरकारी निकायहरुबाट प्रवाह हुने सेवाहरुका बारेमा जानकारी प्रदान गर्ने,
७. शिक्षा, स्वास्थ्य, रोजगारी, उद्यमशिलता, प्रशिक्षण, तालिम आदि विषयका सूचना एवम् जानकारी उपलब्ध गराउने,
८. विभिन्न निकायहरुबाट सञ्चालन गरिने युवा लक्षित कार्यक्रमबारे जानकारी प्रवाह गर्ने,
९. मन्त्रालय र परिषद्बाट दिइएका निर्देशन बमोजिम अन्य कार्यहरु गर्ने ।

(२) उपरोक्त काम, कर्तव्य र अधिकारहरुका अतिरिक्त **नमुना युवा सूचना केन्द्र**हरुले देहाय बमोजिमका कार्य गर्ने छन् :

क. सामाजिक, सांस्कृतिक, वातावरणीय, कृषि तथा प्रविधिको संरक्षण, सर्म्बद्धन तथा विकासका लागि युवाको भूमिका प्रवर्द्धन गर्ने,
ख. युवाहरुको लागि शारीरिक तन्दुरुस्ती, संगीतका साधन र खेल सामग्रीहरुको व्यवस्था गर्ने
ग. युवाको क्षेत्रमा महत्वपुर्ण योगदान पुऱ्याएका प्रतिष्ठित विज्ञ तथा आफ्नो क्षेत्रमा उत्कृष्ट कार्य गरेका सफल युवाहरुलाई समय समयमा आमन्त्रित गरी प्रवचन तथा छलफलका कार्यक्रमहरु आयोजना गर्ने,
घ. युवा सम्बन्धी सूचनाहरु वेब-साइटमा राखी आफ्नो सूचना पाटीमा समेत नियमित रुपमा टाँस गर्ने,
ङ. युवा सूचना केन्द्रप्रति युवाहरुको अपनत्व बढाउन युवा सूचना केन्द्र र युवासँग सम्बन्धित संघ संस्थाहरुका बीच सञ्जाल (नेटवर्किङ) स्थापना गर्न सहयोग गरी यस्तो सञ्जालसँग आबद्ध संघ संस्थाहरुसँग कम्तिमा बर्षको एकपटक अन्तरक्रिया गर्ने,
च. पुस्तकालय तथा अन्य अध्ययन कक्षलाई युवाहरुको हितमा हुने गरी नियमित रुपमा सञ्चालन गर्ने व्यवस्था मिलाउने,

छ. अन्य सूचना केन्द्रसँग समन्वय गर्दै युवासँग सम्वन्धित सूचनाहरु संकलन र अभिलेख तयार गर्ने,

ज. आफूले सञ्चालन गरेका कार्यक्रमको विवरण आवधिक रुपमा सार्वजनीकीकरण गर्ने,

झ. तोकिएका अन्य कार्यहरु गर्ने ।

**१२. संघ, संस्था एवम् अन्य निकायहरुको भूमिका :** (१) युवा सूचना केन्द्र र कार्यक्रमलाई सहयोग गर्ने गैर-सरकारी संघ, संस्थाको भूमिका देहाय बमोजिम हुनेछ :

क. युवा सूचना केन्द्रद्वारा सञ्चालित कार्यक्रमहरुमा सहभागी हुने,

ख. जिल्ला युवा समितिको कार्यालय तथा गाउँपालिका वा नगरपालिकाका युवा समितिको कार्यालयसँग समन्वय गरी युवासँग सम्बन्धित विभिन्न कार्यक्रमहरु सञ्चालनका लागि यस निर्देशिका र अन्य प्रचलित कनूनको अधीनमा रही साझेदार संस्थाको रुपमा काम गर्ने,

ग. उपलब्ध र परिचालन भएको आर्थिक लगायत अन्य स्रोत, समाग्री तथा जनशक्तिलाई नेपाल सरकारका निकायहरुसँग समन्वय गरी युवा सूचना केन्द्रको विकास र विस्तारमा उपयोग गर्ने,

घ. युवा सूचना केन्द्रसँग सम्बन्धित कार्यक्रमहरुको प्रभावकारिताका बारेमा अध्ययन तथा अनुसन्धान गरी सुझाव दिने,

ङ. राष्ट्रिय युवा परिषद्द्वारा सञ्चालित कार्यक्रमहरु सञ्चालन गर्न सहयोग गर्ने,

च. अन्य निकायहरुसँग समन्वय गरी युवा-लक्षित कार्यक्रमहरु सञ्चालन गर्न सहयोग गर्ने,

छ. आफूले सञ्चालन गर्ने वा गरेका युवा लक्षित कार्यक्रमहरुको बारेमा राष्ट्रिय युवा परिषद् र जिल्ला युवा समितिको कार्यालय, गाउँपालिका वा नगरपालिकाका युवा समितिका कार्यालयलाई जानकारी र प्रतिवेदन दिने ।

**१३. जनशक्ति :** (१) युवा सूचना केन्द्रको जनशक्ति सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछः

क. अन्य व्यवस्था नभएसम्मको लागि जिल्ला युवा समितिको कार्यालयले एक जना कम्प्युटर अपरेटरलाई फोकल पोइन्ट (सम्पर्क व्यक्ति) तोकी युवा सूचना केन्द्रका कार्य गर्न लगाउने,

ख. युवा सूचना केन्द्र सञ्चालनको लागि आवाश्यकता अनुसार स्वयमसेवकको व्यवस्था गर्न सकिनेछ,

ग. युवा सूचना केन्द्रको जनशक्ति सम्बन्धी अन्य व्यवस्था परिषद्ले तोकेबमोजिम हुनेछ ।

## परिच्छेद- ६
## आर्थिक व्यवस्थापन सम्बन्धी व्यवस्था

**१४. आर्थिक व्यवस्थापन** : (१) नेपाल सरकारले युवा सूचना केन्द्र सञ्चालन तथा व्यवस्थापनका लागि वार्षिक बजेट उपलब्ध गराउन सक्नेछ । यस्तो बजेट युवा सूचना केन्द्र तथा कार्यक्रमका लागि तोकिएको कार्यक्रममा मात्र खर्च गर्नु पर्नेछ ।

(२) युवा सूचना केन्द्रले आफूले प्रदान गर्ने सेवाहरु जस्तै **फ**्याक्स, फोटोकपी, प्रिन्टिङ् वा यस्तै प्रकृतिका सेवाहरुमा व्यवस्थापन समितिले तोकेको दरमा सेवा शुल्क लगाउनुका साथै स्थानीय स्तरमा उपलब्ध आफ्नो स्रोत साधन (चन्दा, दान, भैलो आदि) परिचालन मार्फत् आय आर्जन गर्न र सोबाट प्राप्त आय सूचना केन्द्रको स्वीकृत कार्यक्रममा खर्च गर्न सकिनेछ ।

तर युवा सूचना केन्द्रले अन्तरराष्ट्रिय संघ संस्थाबाट सहयोग लिनु पर्दा परिषद् मार्फत पूर्व स्वीकृति लिनु पर्नेछ ।

(३) प्राप्त रकमको प्रचलित कानून बमोजिम लेखा राख्ने र सो सम्बन्धी विवरण सम्बन्धित निकायहरुमा पठाउने दायित्व सम्बन्धित कार्यालय प्रमुखको हुनेछ ।

**१५. लेखापरीक्षण** : (१) युवा सूचना केन्द्रले आफूले प्राप्त गरेको आन्तरिक र बाह्यस्रोतबाट प्राप्त आय एवम् व्ययका विवरण प्रचलित कानून बमोजिम दर्तावाला लेखापरीक्षकबाट नियमित रुपमा लेखापरीक्षण गराउने दायित्व सम्बन्धित युवा समितिको कार्यालयको हुनेछ र सोको प्रतिवेदन मन्त्रालय, परिषद् र अन्य सम्बन्धित निकायमा पठाउनु पर्नेछ ।

## परिच्छेद-७
## निरीक्षण, अनुगमन तथा मूल्याङ्कन सम्बन्धी व्यवस्था

**१६. निरीक्षण, अनुगमन तथा मूल्याङ्कनसम्बन्धी व्यवस्था** : (१) युवा सूचना केन्द्र तथा कार्यक्रमको निरीक्षण, अनगमन तथा मूल्याङ्कनसम्बन्धी व्यवस्था देहायबमोजिम हुनेछ :

क. राष्ट्रिय स्तरमा मन्त्रालय, निर्देशक समिति तथा परिषद्ले युवा सूचना केन्द्रहरुको निरीक्षण, अनुगमन तथा मूल्याङ्कनको कार्य गर्नेछन् ।

ख. युवा सूचना केन्द्रको व्यवस्थापन समितिले नियमित रुपमा युवा सूचना केन्द्रबाट सञ्चालित कार्यक्रमहरुको निरीक्षण, अनुगमन तथा मूल्याङ्कन गर्नु पर्नेछ ।

ग. दातृ निकाय एवम् संघ-संस्थाहरुले आ-आफ्नो सहयोगमा सञ्चालन भएका कार्यक्रमहरुको निरीक्षण तथा अनुगमन परिषद्को सहभागितामा गर्न सक्नेछन् ।

घ. अनुगमनमा खटिई जाने व्यक्ति एवम् निकायहरुले निरीक्षण, अनुगमन गरी सोको प्रतिवेदन परिषद्मा समेत पठाउनु पर्नेछ ।

## परिच्छेद-८
## विविध

**१७. प्रतिवेदन पेश गर्नुपर्ने** : (१) सम्बन्धित युवा समितिको कार्यालयले आफूद्वारा सञ्चालित युवा सूचना केन्द्रका कार्यक्रमको मासिक, चौमासिक र वार्षिक प्रगति प्रतिवेदन परिषद्मा पठाउनु पर्नेछ ।

१८. **मनोनित सदस्यको पदावधि** : (१) युवा सूचना केन्द्रहरुका लागि यस निर्देशिकाबमोजिमका विभिन्न समितिहरुमा रहने पदेन सदस्य बाहेक अन्य मनोनित सदस्यको पदावधि बढीमा २ बर्षको हुनेछ ।

१९. **बाधा अडकाउ फुकाउने अधिकार** : यो निर्देशिका कार्यान्वयनका सम्बन्धमा कुनै दुविधा उत्पन्न भएमा राष्ट्रिय युवा परिषद्ले स्पष्ट पारी बाधा अड्काउ फुकाउने गरी निर्देशन जारी गर्न सक्नेछ । यसरी जारी भएको निर्देशनको पालना गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

२०. **निर्देशिका संशोधन :** परिषद्ले यो निर्देशिका आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ ।